नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर
(...समन्वय तथा प्रकाशन... शाखा)

फोन नं. ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्स : ६६३०७९७
नोटिस बोर्ड: १६१८०१६६३०७९७
सानोठिमी, भक्तपुर
www.moecdc.gov.np

पत्र संख्या:-
चलानी नं.:-

मिति: २०८२/०१/०४......

**<u>आर्थिक वर्ष २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार क्रा.स. २.७.१३.९८० चित्रकला प्रतियोगिता (Digital) कार्यक्रमका लागि माननीय मन्त्रीस्तरीय निर्णयबाट मिति २०८१/५/१२ मा स्वीकृत "डिजिटल चित्रकला प्रतियोगिता सञ्चालनसम्बन्धी कार्यविधि, २०८१" को अनुसूची - २ अनुसार देशभरका कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरुको लागि ३० दिने सूचना ।</u>**

डिजिटल चित्रकला प्रतियोगितामा प्रतियोगीले पूरा गर्नुपर्ने शर्तहरु –

१. डिजिटल चित्रकला प्रतियोगितामा सहभागी हुने विद्यार्थी विद्यालय तह कक्षा १ देखि १२ मा अध्ययनरत हुनुपर्ने छ ।

२. प्रतियोगीले https://digiart.moecdc.gov.np/ को homepage मा गई रजिस्ट्रेसन button मा click गरी आफ्नो नाम, मोवाइल नम्बर, जन्म मितिलगायतका विवरण भरेर रजिस्ट्रेसन गर्नुपर्ने छ ।

३. प्रतियोगीले आफ्नो जन्ममिति, फोन नम्बर र password बाट sign in गर्नुपर्ने छ ।

४. प्रतियोगीले आफू अध्ययनरत कक्षा, तह, विद्यालयको नाम र ठेगाना, प्रदेश तथा जिल्लाको नामलगायतका विवरण भरेर आफ्नो प्रोफाइल अपडेट गर्नुपर्ने छ । एकपटक विवरण भरेपछि उक्त विवरण प्रतियोगीको प्रोफाइलमा सुरक्षित रहने छ ।

५. कक्षा १ - ३, कक्षा ४ - ५, कक्षा ६ - ८, कक्षा ९ - १० र कक्षा ११ - १२ मा अध्यापन हुने नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान तथा प्रविधि, सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा र स्वास्थ्य शारीरिक तथा सिर्जनात्मक कला विषयसँग सम्बन्धित विषयक्षेत्रमा आधारित रहेर दिइएका चित्रको विस्तृतीकरण अध्ययन गरेर प्रतियोगीले चित्र निर्माण गर्नुपर्ने छ ।

६. प्रतियोगीले न्यूनतम एक विषयको कुनै एक विषयक्षेत्र वा शीर्षकसँग सम्बन्धित कम्तीमा एउटा चित्र निर्माण गरेर अपलोड गरी submit button मा click गर्नुपर्ने छ । इच्छुक विद्यार्थीले एकभन्दा बढी चित्र बनाई पेस गर्न सक्ने छन् । पेस भएका सबै चित्रहरु प्रतिस्पर्धाका लागि समावेश गरिने छ ।

७. प्रतियोगीले एक विषयक्षेत्रसँग सम्बन्धित विषयक्षेत्र वा शीर्षकमा रहेर पेस गरेको चित्रमा चित्त नबुझेमा प्रतियोगीताका लागि खुला गरिएको समयसीमाभित्र अर्को चित्र निर्माण गरी पेस गर्न सक्ने छन् । यसो गर्दा पछि अपलोड गरेको चित्र मात्र प्रतिस्पर्धाका लागि समावेश गरिने छ ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर
(....समन्वय तथा प्रकाशन..... शाखा)

फोन नं. ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्स : ६६३०७९७
नोटिस बोर्ड: १६१८०१६६३०७९७

सानोठिमी, भक्तपुर
www.moecdc.gov.np

पत्र संख्या:-
चलानी नं.:-

मिति: २०८२/०९/०४

८. विद्यार्थीले चित्र बनाउँदा कम्प्युटर वा अन्य माध्यमको प्रयोग गर्न सक्ने छन् । यसरी चित्र निर्माणपश्चात चित्रमा रङ भर्ने कार्य डिजिटल प्रविधिबाट गर्न सकिने छ । डिजिटल माध्यमबाट बनाएका चित्र बढीमा पाँच मेगावाइट (5 MB) सम्मको हुनुपर्ने छ ।

९. डिजिटल चित्र कम्प्युटर वा अन्य विद्युतीय सामग्रीबाट वा चित्र ड्रइङ पेपर, आर्ट पेपर वा फोटोकपी पेपरमा बनाउन सकिने छ । चित्र ठूलोमा A4 size ( 21x29cm) र सानोमा (15x21cm) size हुनुपर्ने छ ।

१०. चित्रमा रङ प्रयोग गर्दा पानी रङ, क्रेयोन वा पेन्सिल रङको प्रयोग गर्न सकिने छ । एक रङबाट मात्र बनेका चित्र पनि समावेश गर्न सकिने छ । यसरी बनाएका चित्रहरु स्क्यान गरी वा फोटो खिची आवश्यकतानुसार सम्पादन गरी चित्र निर्माण गर्न सकिने छ ।

११. प्रतियोगीले बनाएका चित्र JPEG Format मा अपलोड गर्नुपर्ने छ ।

१२. प्रतियोगीले निर्माण गरेका चित्र मौलिक, चित्रका लागि दिइएको विवरणसँग मेल खाने र जानकारीमूलक हुनुपर्ने छ । चित्र कतैबाट नक्कल वा साभार गरिएको हुनुहुँदैन ।

१३. प्रतियोगीतामा सङ्कलन भएका चित्रहरुको अभिलेखन र प्रतिलिपि अधिकार पाठ्यक्रम विकास केन्द्रमा निहित रहने छ र आवश्यकतानुसार पाठ्यपुस्तक तथा पाठ्यसामग्रीमा प्रयोग गरिने छ ।

१४. प्रतियोगीले पेस गरेका चित्रहरुको अध्ययन तथा मूल्याङ्कन गरी उत्कृष्ट चित्र निर्माण गर्ने प्रतियोगीलाई नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरिने छ ।

१५. प्रतियोगीतामा उत्कृष्ट भएका प्रतियोगीको विवरण वेबसाइटमा सूचना प्रकाशन गरी जानकारी गराइने छ ।

१६. पुरस्कृत प्रतियोगीहरुले पाउने नगद पुरस्कार निजहरुको आफ्नो वा एकाघर परिवारका सदस्यहरुको बैङ्क खातामार्फत र प्रमाणपत्र हुलाक वा कुरियरमार्फत पठाइने व्यवस्था गरिने छ । एकाघरका परिवारका सदस्यहरुको बैङ्क खातामा नगद रकम पठाउँदा पुरस्कृत विद्यार्थीको मञ्जुरीनामा लिइने छ ।

१७. चित्र मूल्याङ्कनका आधारहरु मूल्याङ्कन समितिले निर्धारण गरेबमोजिम हुने छ । चित्र छनौटको अन्तिम निर्णय मूल्याङ्कन समितिले गर्ने छ ।

१८. पुरस्कारका लागि छनोट भएको चित्र सम्बन्धमा उजुरी परेमा त्यसको मूल्याङ्कनको क्रममा भए निर्णय गर्ने अधिकार मूल्याङ्कन समितिमा रहने छ र छनोट भई सकेपछिको छानविन उपसमितिबाछ हुनेछ ।

१९. विद्यार्थीले प्रतियोगितामार्फत पेस गरेका चित्रहरु आवश्यकता, औचित्यता र सान्धार्भिकताका आधारमा पाठ्यपुस्तक तथा पाठ्यसामग्रीमा प्रयोग गरी विद्यार्थीका सिर्जनात्मक प्रतिभालाई थप प्रोत्साहन गरिने छ ।

२०. प्रतियोगीतासम्बन्धी थप जानकारी प्राप्त गर्नका लागि केन्द्रको वेबसाइटमा रहेको नम्बरमा सम्पर्क गर्न सकिने छ ।

२१. कुनै विद्यालयको विद्यार्थीले सिर्जना गरेको चित्रकलालाई विद्युतीय प्रक्रियामा प्रवेश नगरी सोको प्राकृतिक प्रति नै केन्द्रमा मूल्याङ्कनको लागि पठाएमा सोको मूल्याङ्कन गर्न केन्द्रले आवश्यक व्यवस्था गर्ने छ ।